# राक्सिराङ्ग गाउँपालिका

## वडा नं. ९ को कार्यालय, खैराङ्ग, मकवानपुर


## ३ नं प्रदेश, नेपाल



**वडाको पार्श्व चित्र (Ward Profile)**

**२०७५**

८.९. वडा नं ९ को परिचय




मकवानपुर जिल्लाको उत्तर पश्चिम क्षेत्रमा अवस्थित वार्ड भौगोलिक विकटताका कारण विकासबाट वन्चित हुन पुगेको छ। उर्वर भुमि धनाजंगल र प्रसस्त खोला नाला हुँदापनि यस भेगका जनताहरु जिविकोपार्जन गर्न अत्यन्तै कठिन परिश्रम गर्नुपर्ने अवस्था छ। यातायात, सञ्चार, विधुत, खानेपानी, शिक्षा जस्ता अत्यन्तै आवश्यक पुर्वाधारबाट धेरै जसो जनता टाढै छन्। यद्यपी स्थानिय स्रोत साधनलाई प्रयोग गरी बाटोघाटोको सुबिधा पुऱ्याउन सके यस भेगको मुहार छिटै फेरिने निश्चित छ।

वार्ड स्तरिय भेलामा छलफल गर्दा निम्नअनुसारका सवल पक्षहरुलाई पहिचान गरियो।

जनसंख्या विवरण :

| वडा नम्बर | जनसंख्या | | जम्मा | घरधुरी |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| ९ | १७४३ | १८९१ | ३६३४ | ६१३ |

*स्रोत : घरधुरी सर्वेक्षण,२०७५*

| क्षेत्र | सवल पक्षहरु |
|---|---|
| कृषि | यस क्षेत्रमा प्रसस्त तरकारी उत्पादन हुन्छ । |
| | – यस वार्ड भित्रगुँरास, काफल, ऐसलु फल्ने डाँडा छ जसमा हिउँपनि पर्छ ।यस डाँडालाई स्थानिय भाषामा भिमुङ्ग भनिन्छ । यसबाट तराईको विरगंज, उत्तरमा धादिङ्ग तथा हिमालहरु देख्ने सकिन्छ ।<br>– कात्तिके ठाँटीको कालिका मन्दिरमा जात्रा लाग्छ ।<br>– धुरु खोलामा झरना छ ।<br>– सिमिको पकेट क्षेत्र भनेर चिनिन्छ ।<br>– संस्कृति झल्काउने लामानाच नाचिन्छ ।<br>– खोलानाला प्रसस्त छ ।<br>– ऐतिहासिक तरलिङ्ग महादेवको मन्दिर छ ।<br>– तरकारी असाध्यै फल्छ काउलि आठ किलो सम्मको फलेको थियो ।<br>– चेपाङ्ग वस्ती छ उनिहरुले बस्तका लागी प्रयोग गरेको ओडार अझै छ ।<br>– जङ्गली कन्दमुल (गिठा, भ्याकुर, वनतरुल, अल्लो, सिस्नो) प्रसस्ते पाइन्छ ।<br>– पानीघट्टहरु छन् । |

## चुनौतिहरु

- ✓ मोटरबाटो नहुँदा वर्षायाममा पैदल हिडेर बजार पुग्नुको विकल्पछैन । बजारमा सामान किनेर फर्कदा २ दिन लाग्छ ।
- ✓ सरकारी कार्यालयमा कर्मचारीको अभाव
- ✓ विद्यालयमा विद्यार्थी शिक्षक अनुपात समान छैन ।

- ✓ उच्चशिक्षाको लागी विद्यालय छैन ।
- ✓ समुदायमा कानुनि अभ्यास छैन ।
- ✓ निरक्षर समुदायको बाहुल्यता हुँदा स्कुल छोड्ने समस्या उत्तिकै छ ।
- ✓ बालविवाह, बहुविवाह, महिला हिन्सा लागुऔषधी र्दुव्यसनी जस्ता समस्याहरु छन् ।
- ✓ जुवातास खेल्ने, परिवार नियोजनको वेवास्ता गर्ने उच्च जन्मदर, रहेको छ ।
- ✓ सबै समुदायमा संचार पुगेको छैन ।
- ✓ तिव्र वनफडानी संगै प्रदुशन बढेको छ ।
- ✓ पर निर्भतरता बढेको छ ।

**दिर्घकालिन योजनाहरुको सम्भावना**

| **क्षेत्र** | **शीर्षक** | **योजना** | **स्थान** |
|---|---|---|---|
| **आर्थिक** | **कृषि** | रायो, मकै, कोदोको उत्पादन गन | गैजुराङ्ग, भमरुङ्गर्मो |
| | | – भिमरुङ्गमा कन्दमुल संकलन केन्द्र बनाई बजार सम्म व्यवस्थापन गर्न पहल गर्ने<br>– बेमौसमी तरकारी (आलुको खेतीगर्ने) | – गैजुराङ्गमा |
| | | – मौरीपालन, कुखुरा पालन गर्ने ।<br>– उन्नतजातका बाख्रा ल्याई समुहलाई व्यवसायिक रुपमा पाल्न सुरुवात गर्ने<br>– फलफुलहरु (सुन्तला, कागती, नास्पाती, आँप, केरा) हरुलाई व्यवसायिक रुपमा विकास गर्ने । | अठारेमा<br><br>तर्लिङ्ग र इन्टारमा<br>राजाराङ्गमा |
| | | – व्यवसायिक कृषि खेतीका लागी तालिम दिने । | वडाका सबै ठाँउमा |
| | **पर्यटन** | – Homestay को प्रवर्द्धन गरी आन्तरिक पर्यटकलाई स्थानिय उत्पादनमा आर्कषित गर्ने ।<br>– भ्यू टावर बनाई आन्तरिक तथा बाह्यि पर्यटन आर्कषित गर्ने ।<br>– ` कालिका मन्दिरको जात्रालाई प्रचार प्रसार गरी आन्तरिक पर्यटक आर्कषण गर्ने। | गैजुराङ्गमा<br><br>भिमुरुङ्गमा<br><br>कात्तिके ठाँटी |

| | | | |
|---|---|---|---|
| | | – झरणालाई व्यवस्थित गरी पर्यटन गन्तव्य स्थल बनाउने ।<br>– स्थानिय संस्कृतिलाई प्रवर्द्धन गरी आन्तरिक पर्यटन आर्कषण गर्न महोत्सब आयोजना गर्ने ।<br>– कामधेनु मन्दिरलाई जिर्णोद्धर गर्ने ।<br>– डान्टार र तोरिराङ्गको विचमा तटवन्धन गरी कृतिम ताल निर्माण गरी पर्यटन भित्राउने | धुरुखोला<br><br>भिमुरुङ्ग |
| | **उद्योग तथा वाणिज्य** | – स्थानिय जडिबुटीलाई व्यवसायिक बनाउने प्रसोधन केन्द्र खोल्ने ।<br>– घरेलु , उद्योग जस्तै डोका, नाम्ला डालो बनाउन प्रोत्साहन गर्ने र यसको बजारीकरणमा सहयोग गर्ने ।<br>– कसर उद्योग संचालन गर्न सकिने ।<br>– सहकारी संचालन गरी जनजिवन उकास्ने ।<br>– महिला समुहहरुलाई पनि सहकारी तिर लाग्न प्रेरणा जगाउने | भिमुरुङ्ग<br><br>तलिङ्गमा<br><br>अठोर,तर्लिङ्ग, जैजुराङ्ग, राजराङ्ग टोलमा |
| | | – स्कुल नगएका किशोरीलाई वैकल्पिक शिक्षा शिपमुलक तालिम दिई स्वरोज्गार बनाउने ।<br>– बाराही प्रा.वी. लाई मा.वि. सम्म स्तरोन्नती गर्ने ।<br>– आठारे मा.वि. माकक्षा १२ सम्मस्तर उन्नतिका लागी पहलगर्ने ।<br>– कालिकामा.वि. शिक्षक दरबन्दिका लागी माथिल्लो निकायमा पहल गर्ने । | |
| **सामाजिक** | **शिक्षा** | – बालविवाहलाई घटाउन बाल क्लबहरु संचालन गरी सक्रिय बनाउने । | |

| | | | |
|---|---|---|---|
| **विकास** | | – स्वास्थ्य चौकीमा सामान्य ल्यावको व्यवस्था गर्ने ।<br>– स्वास्थ्य चौकीमा एम्बुलेन्सको लागी पहल गर्ने । | |
| | | – अठारेमा पानी प्रसस्त भएपनि व्यवस्थित छैन ।<br>– पानीलाई निर्मुलिकरण गरी खाने बानिबसाल्न जन चेतना मुलक कार्यक्रमको आयोजना गर्ने ।<br>– इन्टार, तालिङ्गमा व्यवस्थित खानेपानी योजना निर्माण गर्ने ।<br>– राजाराङ्ग टोलमा खानेपानीको उचित व्यवस्थागर्ने ।<br>– पोडवाङ्ग, ध्यान्चे, मेतासी, नयाँगाउँ, लाइवाङ्ग, क्यास्न्सिराङ्ग खानेपानी व्यवस्थित गर्ने । | |
| | **खानेपानी तथा सरसफाई** | – तामाङ्ग समुदायमा रहेको लामा नाँचलाई सर्वधन गर्ने ।<br>– राजाराङ्गले चेपाङ्ग समुदायको इतिहास बाकेका ले यस क्षेत्रमा चेपाङ्ग संङग्रालय बनाउन पहलगर्ने<br>– स्थानिय मठ मन्दिरलाई संरक्षण गर्न युवा क्लवहरुलाई सक्रिय गराउने ।<br>– हरेक विकासका कार्यक्रममा महिलाहरुलाई अनिवार्य सहभागी बनाउने ।<br>– लैगिक हिंसा कमगर्न महिला समुहलाई सक्रिय बनाई विभिन्न सिपमुलक तालिमहरु दिने । | |
| | | – मनहरीबाट धादिङ्ग मलेखु जोड्ने मुख्यबाटो बनाउन पहल गर्ने ।<br>– कोलटार कार्तिक जोड्ने बाटो बनाई | |

| | | | |
|---|---|---|---|
| | | विचमा पर्ने खोलामा झोलुङ्गे पुलनिर्माण गर्ने ।<br>– अठारेका विभिन्न वस्तीहरुलाई बाटोसंग जोड्ने ।<br>– इन्टार ताल्तीमा मोटर बाटो बनाउने ।<br>– तर्लिङ्ग, रुन्चेवाङ्ग हुदै स्वास्थ्यचौकी सम्म जोड्ने बाटो निर्माण गर्ने ।<br>– राजाराङ्ग देखी कालिकामा.वि. जोड्ने बाटो निर्माण गर्ने ।<br>– सानो डाँडाखर्क साजकव र्वालडाँडा सडक निर्माण ।<br>– काँकाडा देखी गैजुराङ्ग, दाउरे हुदै खैराङ्ग सम्म सडक निर्माण ।<br>– कान्द्राङगडी, देखी जिनयजोगि टोल हुदै च्यौराङ्ग सडक निर्माण | |
| **पुर्वाधार** | **सडक** | – अठारेमा उर्वर भुमि भएको ले यस क्षेत्रमा सिंचाइ व्यवस्थित गर्ने ।<br>– जैजु गैजुराङ्ग र भिमुङ्गका विभिन्न वस्तीमा ीभबात सिंचाइका लागी पहल गर्ने ।<br>– राजाराङ्गमा सिंचाइका लागी पहल गर्ने ।<br>– सोमाइटार सिंचाइ निर्माण गर्ने ।<br>– डान्टार सिंचाइ योजना निर्माण ।<br>– लुम्वाङ्ग सिंचाइ योजना नर्माण । | |
| | **सिंचाइ** | – अठारेमा सहकारी भवन निर्माण<br>– बाराही प्रा.विमा पुस्तकालय भवन निर्माण<br>– मनि डाँडा गुम्बा निर्माण<br>– चेपाङ्ग एककृत वस्तीका लागी माथिल्लो निकायमा पहल गर्ने ।<br>– वार्डमा कम्तिमा पनि एउटा व्यवस्थित होटल निर्माण गर्न पहलगर्ने । | |

| | | | |
|---|---|---|---|
| | | − डाँटीमा व्यवस्थित बजार निर्माणका लागी पहल गर्ने | |
| | भवन | − वार्डलाई अबको पाँच वर्ष भित्र टुकिमुक्त क्षेत्र घोषणाका लागी सक्रिय कार्यक्रम अगाडी बढाउने ।<br>− यस क्षेत्रमा मुख्य प्रशारण लाइनलाई विस्तार गरी कलकारखाना संचालनका निम्ति सहज बनाउने<br>− वार्डका सबै टोलमा संचारको पहुंच गर्ने<br>− विद्यालयहरुमा इन्टरनेटका लागी पहल गर्ने | |
| | **उर्जा र संचार** | − बढ्दो वन फडानीलाई रोक्न उपभोक्ता समितिहरुलाई सक्रिय बनाउने ।<br>− वन जोगाउन बस्ती वरिपरी अनिवार्य डाले घाँस रोप्ने कार्यक्रम ल्याउने ।<br>− गोराङदी खोलाको केही वस्तीहरु बचाउन ततवन्धन गर्ने र वृक्षरोपण गर्ने ।<br>− कम प्रयोग तथा पुन प्रयोगका लागी जन चेतना जगाउने ।<br>− स्थानिय माटोको परिक्षण गराई त्यस अनुरुपका वाली लगाउन प्रेरित गर्ने ।<br>− खोरिया फाँडने प्रचलनलाई निरुत्साहीत गर्ने ।<br>− वनलाई डढेलो लाग्नबाट जोगाउने । | |
| **बनवातावरण तथा विपद ब्यवस्थापन** | | − स्थानिय क्लबलाई सक्रिय बनाई लागुऔषधी दुव्यसनी विरुद्ध लगाउने ।<br>− महिला जागरुक भएका टोलहरुलाई नमुना वस्ती गराई वालविवाह, उच्च प्रजनन दर जस्ता समस्याहरुलाई न्युनिकरण गर्ने ।<br>− आठारेमा रहेको विर्ता जग्गालाई रबिकर | |

| | | | |
|---|---|---|---|
| | | बनाउन पहल गर्ने ।<br>– स्थानियलाई विधिको शासनमा ल्याउन प्रहरी चाकीको सक्रिय भुमिकाका लागी पहल गर्ने ।<br>– वार्डको प्रगति विवरण प्रत्येक तीन महिनामा सार्वजनिक गर्ने ।<br>– स्थानिय गिट्टी बालुवामा शुल्कलगाई राजश्व अशुल्ने ।<br>– उजुरी पेटीका र यपसलाई सम्बोधनगर्ने, समिति गठन गर्ने । | |